श्रम विभाग द.प्र.प.नं.: ९/०६५/०६६

(ट्रेड युनियन ऐन २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासङ्घ)

# पेसागत महासङ्घ नेपाल

## Confederation of Nepalese Professionals (CONEP)

राष्ट्रिय समिति, काठमाडौं

मितिः- २०८१ माघ १८ गते

## प्रेस विज्ञप्ति

पेसागत महासङ्घ नेपाल राष्ट्रिय समितिको सातौ बैठक महासङ्घका अध्यक्ष पुण्यप्रसाद ढकालको अध्यक्षतामा मिति २०८१ माघ १६ र १७ गते काठमाडौंमा सम्पन्न भएको छ। बैठकमा नेकपा (एमाले) पोलिटव्युरो सदस्य तथा पेसागत महासङ्घ नेपालका ईन्चार्ज रामेश्वर फुयाँल प्रमुख अतिथिको रुपमा रहनु भएको थियो। बैठकले गरेका महत्वपूर्ण निर्णयहरू सार्वजनिक गर्नका लागि निम्नानुसार प्रस्तुत गरीएको छ।

१) पेसागत महासङ्घ नेपाल राष्ट्रिय परिषद्को बैठक २०८१ चैत्र २२ र २३ गते काठमाडौंमा भव्यरुपमा सम्पन गर्ने ।

२) शिक्षकहरुको तलव मासिकरुपमा उपलब्ध भएको छैन। संघीय सशर्तवाट निकाशा हुने शिक्षकहरुको तलब स्थानिय तहहरूमा आ.व. को शुरुमै निकासा हुन पर्ने र स्थानीय तहबाट पनि विद्यालयको खातामा मासिक रूपमा निकाशा हुनु पर्ने।

३) निजामती कर्मचारी अस्पताल लगाएतका केहि सार्वजनिक तथा नीजि अस्पतालहरूमा नर्सिङ्ग कर्मचारीलाई सुत्केरी विदा नदिने गरेको । सुत्केरी हुन चाहेमा जागिर छाड्नु पर्ने स्थिती रहेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १३ वमोजिम सहज किसिमबाट सुत्केरी विदा उपलब्ध गराउनु पर्ने। नीजि अस्पतालहरुमा नर्सिङ्ग कर्मचारीहरुलाई ८-१० हजारमा मासिक तलव दिई लगाएको पाईएकाले त्यस्ता अस्पताल संचालकहरुलाई तत्काल कार्वाही गर्न र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक मासिक रु १७,३०० ।- उपलब्ध गराउन अनुरोध गर्ने।

४) नेपालमा युवा युवतीको रोजगारीको आकर्षण केन्द्र रहेको लोक सेवा आयोगको विज्ञापनलाई सम्मानित अदालतबाट स्थगन गरकोमा सो सम्वन्धमा तत्काल आवश्यक निर्णय दिई रोजगारीको प्रतिस्पधाका लागी तयारी गरी वसेका युवा पंक्तिलाई निराशा नवनाउन अनुरोध छ। ढिला गरि आदेश आउदा कतिपय उम्मेदवारको उमेर हद सकिने र कतिपय युवाहरू विदेश पलाएन हुनसक्ने अवस्था रहेको छ। त्यसैले पेसागत महासङ्घ नेपाल अदालतबाट तत्कालै आदेश/फैसला आउन अनुरोध गर्दछ।

५) साझा प्रकाशन साहितका केहि सर्वजनिक निकायहरुमा विगत लामो समय देखि त्यहाँ कार्यरत कर्मचारीहरुले तलव नपाइरहेको स्थिती छ। नेपाल सरकारले निर्णय गरेका त्यस्ता संस्थाहरू घाटामा गई कर्मचारीहरुको मासिक तलव लिन नपाउने स्थिति पेसाकर्मिको लागि यो भन्दा ठुलो समस्या अरु के हुन सक्छ ? त्यसैले त्यस्ता संस्थाहरुमा नेपाल सरकारवाट अनुदान रकम दिई कर्मचारीहरुको तलव भत्ता उपलब्ध गराउन पेसागत महासङ्घ नेपाल जोडदार माग गर्दछ।

६) नेकपा (एमाले) को २०८१ माघ देखि चैत्र सम्म संचालन हुने "वडा केन्द्रित पार्टी निर्माण अभियान"लाई सहयोग गर्न र सो कामसंग समन्वय हुने गरी २०८१ चैत मसान्त सम्म पेसागत महासङ्घ नेपालले सबै जिल्लामा प्रशिक्षण गर्ने र सवै नगरपालिका तथा गाउँपालिकाहरुमा अधिवेशन गरी कमिटि निर्माण गर्ने।

७) सर्वाच्च अदालतको २०८१ मंसीर ११ गतेको आदेशबाट पेसागत महासङ्घ नेपाल नविकरण गर्ने प्रकृयालाई वाटो खुल्ला भएको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट हाल सम्म पनि महासङ्घ नविकरणको टुङ्गो नलागेको हुँदा महासङ्घ खेद प्रकट गर्दछ। कुनै पनि फाईल कार्यालयले ७ दिनभित्र टुङ्गाउनु पर्ने, अन्यथा सम्वधित निकाय/कर्मचारीलाई कार्वाहि हुने व्यवस्था छ। पेसागत महासङ्घ नेपाल नविकरण तत्काल गरी दिनुहुन श्रम तथा व्यवसायजन्य सुरक्षा विभागसंग अनुरोध गर्दछ।

Address :- Prasuti Marg, Thapathali, Phone :- 015910798, 015910799
Email :- conepnepal1@gmail.com, Website :- htpps://nepalconep.org.np

८) बैंक वीमा तथा सार्वजनिक संस्थाका CEO हरुले पुर्वाग्रहि किसिमबाट सरुवा, शाखा/महाशाखा परिवर्तन वा जिम्मेवारी परिवर्तन गर्ने गरेको हुँदा त्यस्ता कार्य तत्काल रोक्न र विधी अनुसार वा विधि नवनाएको भए बनाएर त्यस्ता कार्य गर्न महासङ्घ माग गर्दछ ।

९) संघिय निजामती सेवा विधेयक र विद्यालय शिक्षा विधेयक यसै संसद अधिवेशनवाट पास गर्न र सम्बन्धित सरोकारवाला ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन तथा नेपाल राष्ट्रिय शिक्षक संगठनहरुले पेश गरेको सुझावहरु तत् ऐनहहरुमा समावेश गरी पारीत गर्नको लागि महासङ्घ जोडदार माग गर्दछ ।

१०) स्वास्थ्य तर्फका कर्मचारी स्तरवृद्धि हुन दुर्गम स्थानमा तोकीएको अवधी वस्नु पर्ने व्यवस्था रहेको तर स्थानिय तहमा समायोजन भएका कर्मचारीहरुको अन्तरपालिका सरुवा हुने व्यवस्था नरहेको । संघमा कार्यरतहरुको दुर्गम जिल्लामा कार्यालयहरु नभएका कारण दुर्गममा सेवा गर्न सकिने अवस्था नरहेको हुदा अधिकांश स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरू मर्कामा परेका छन । २० औं वर्ष सम्म पनि स्तर वृद्धि हुन नसक्ने भएको हुँदा स्वास्थ्य सेवा ऐन र नियमावलीको व्यवस्थालाई तत्काल परिवर्तन गरी तोकीएको सेवा अवधी पूरा भएपछि र दुर्गम वाहेक अन्य मापदण्ड पुरा गरेको कर्मचारीको स्तर वृद्धि हुन नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

११) सरकारी कार्यालयहरुमा फाइल ७ दिन भित्र निर्णय गरी सक्नु पर्ने, सेवा प्रवाहमा नागरीक एपको प्रयोग, सार्वजनिक क्षेत्रका मजदुरहरूको उमेर ६० वर्ष हुने, गैर आवासिय नेपाली नागरीकहरू १० वर्ष सम्म नेपाल वस्न भिसा शुल्क नलाग्ने, ३ करोड सम्म राजस्व चुहावट राजश्व अनुसन्धान विभागले निर्णय गरी असुल गर्न सक्ने, सरकारी ठेक्कामा विवाद भए द्रुत मध्यस्थताको व्यवस्था हुने, फैसला कार्यान्वयन तहमा सरकारी मुद्धामा पिडितसंग मिलापत्र भएमा दण्ड र जरिमाना माफी हुने र रकम भराउन मौका दिने, विगो र जरिमाना बरावरको धरौटी राख्न नसके विगोको १५% मात्र धरौटी राखे पुग्ने, शिक्षकहरुको योगदानमा आधारित पेन्सन कोष यसपछि नियुक्त हुने शिक्षकहरुको हकमा मात्र लागु हुने जस्ता विषय समेटी आएको अध्यादेशहरुलाई पेसागत महासङ्घ नेपालले हार्दिक स्वागत गर्दछ ।

१२) स्थानीय स्वायत्त शासन ऐन अनुसार स्थानीय निकायमा नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ अनुसार स्थानिय तहमा समायोजन भएका कर्मचारी अवकाश हुँदा निजहरुले पाउने संचित विदा, उपदान औषधी उपचारको रकम कल्याणकोषमा रहेको भए सो कोषवाट दिने कल्याण कोषमा रकम नभए नेपाल सरकारले भुक्तानी गर्ने भन्ने नेपाल सरकारको हालै भएको निर्णयलाई महासङ्घ स्वागत गर्दछ ।

१३) बैंक तथा वित्तिय संस्थाहरुमा कृयाशिल ट्रेड युनियन र संचालक समितिविच भएका सहमतिहरु तत्कालै अर्थ मन्त्रालयबाट लिनुपर्ने सहमति लिई कार्यान्वयन गर्न सम्वन्धित संचालक समिति र अर्थ मन्त्रालयसंग पेसागत महासङ्घ नेपाल जोडदार माग गर्दछ ।

१४) पेसागत महासङ्घ नेपालले “Anti Corruption and Good Governance Campaign” को विचार गोष्ठी कार्यक्रम संचालन गर्दै आईरहेकोमा २०८१ चैत सम्ममा सवै प्रदेशमा संचालन गर्ने ।

१५) अमेरिकाका नव निर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले USAID मार्फत नेपाल लगाएत विभिन्न देशहरुलाई दिदै आइरहेको सहायता रोक्ने निर्णय गरेको हुँदा सो कार्य नगर्न र सौहार्दता पुर्वक USAID मार्फत सहयोग प्रदान गर्नका लागि नेपाल सरकार मार्फत अमेरिकालाई अनुरोध गर्न र रोजगारीका निम्ति अमेरिका पुगेका नेपालीहरुलाई जवरजस्ती फिर्ता नगर्नका लागि समेत महासङ्घ अनुरोध गर्दछ ।

उल्लेखित निर्णयहरु विभिन्न समाचार माध्यमबाट प्रकाशित गरि दिनुहुन पत्रकार साथिहरुलाई हार्दिक अनुरोध छ ।

२०८१ माघ १८

केदार प्रसाद देवकोटा
महासचिव